# सिगास गाउँपालिका
(Sigas Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office of The Rural Municipal Executive)
गर्जे, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल


## गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत बीचको कार्यसम्पादन करार सम्झौता ।

सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६५, निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवम् परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त तपसिल वमोजिमका कार्य सम्पादन करार सम्झौतामा गाउँपालिका अध्यक्ष (यसपछि पहिलो पक्ष भनिएको) र प्रमुख प्रशासकीय अधिकृत (यसपछि दोस्रो पक्ष भनिएको) बीच मिति २०७९।०४।१२ मा यो कार्यसम्पादन करार सम्झौता भएको छ ।

तपसिल:

१. गाउँसभाबाट पारित निर्णयको कार्यान्वयनको प्रगति तथा विकास आयोजनाको कार्यान्वयनको प्रगति विवरण दोश्रो पक्षले पहिलो पक्षलाई चाहेको वखत पेश गर्ने तथा कार्यपालिकाको हरेक वैठकमा समिक्षाका लागि पेश गर्नुपर्ने छ ।

२. कार्यालय व्यवस्थापनमा नयाँ प्रविधि र सीपको उपयोग गरी छिटो छरितो रुपमा सेवा प्रवाह गर्नुपर्नेछ ।

३. वित्तीय सुशासन कायम राख्न प्रचलित आर्थिक कानूनहरुको पालना सहित प्रयत्नशील रहनुपर्नेछ ।

४. "म भ्रष्टाचार गर्दिन र अरुलाई पनि गर्न दिने छैन"म भ्रष्टाचार गर्दिन र अरुलाई पनि गर्न दिने छैन" भन्ने शून्य शहनशीलतालाई कार्यान्वयन गर्नु पर्नेछ ।

५. स्थानीय तहलाई आवश्यक पर्ने ऐन, कानून निर्माण गरी विधेयक समिति समक्ष पेश गर्नु पर्नेछ ।

६. आफू मातहतका कर्मचारीलाई कार्य सम्पादन क्षमता अभिवृद्धि गर्न आवश्यक प्रशिक्षण दिलाउनु पर्नेछ ।

७. वडा तहका कर्मचारीलाई सरकार र जनता प्रति उत्तरदायी हुने गरी प्रशिक्षित गर्ने, प्रोत्साहन गर्ने कार्य प्रगति प्रति उत्तरदायी बनाउन प्रयत्न गर्नु पर्नेछ ।

८. स्थानीय स्तरका तथ्याङ्कहरुलाई अभिलेखिकरण र प्रमाणित गरी अध्यावधिक गर्नु पर्नेछ ।

९. विकास निर्माणका कार्यक्रमहरु कार्यान्वयनमा कम्तिमा ८५ प्रतिशत वित्तिय तथा भौतिक प्रगति प्राप्त हुने गरी व्यवस्थित गर्नु पर्नेछ ।

१०. संस्थागत विद्यालयको समायोजन कार्य गर्नु पर्ने भएमा आवश्यकता अनुसार समायोजन गराई पालिकाको शिक्षक निति निर्माण गर्न उल्लेखनीय सहयोगको भूमिका निभाउनु पर्नेछ ।

११. सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका लागि तोकिएका समयमा सार्वजनिक सुनुवाई, अर्धबार्षिक, वार्षिक समिक्षा गर्नु पर्नेछ ।

१२. आन्तरिक आयलाई दिगो र विश्वसनीय बनाउन कानूनी नीति बनाउने र त्यसको परिचालन गरी सुव्यवस्थित गर्ने तर्फ प्रयत्नशील रहनुपर्छ ।

१३. विशेष परिस्थितिमा बाहेक कार्यालय वा कार्यक्षेत्र भन्दा बाहिर नरहने वातावरण सृजना गर्नु पर्छ ।

१४. कार्यालयको लेखा प्रणाली SUTRA लाई नियमित गरी आन्तरिल लेखा परीक्षण गराई त्रैमासिक रुपमा प्रतिवेदन तयारी पारी पहिलो पक्ष समक्ष पेश गर्ने, कार्यपालिकामा समिक्षा गराउने जस्ता कार्यहरु व्यवस्थित गर्नु पर्नेछ ।

१५. वेरुजु फछ्यौंट तर्फ सबै पक्षलाई समावेश गरी सहयोग लिई फछ्यौंट गर्न अग्रणी भूमिका निर्वाह गर्नु पर्नेछ ।

१६. कृष पशु तर्फ पालिकाले लिएका नीति कार्यक्रम तथा कृषक समक्ष जाने विभिन्न अनुदानका कार्यक्रमहरु उचित समयमा कृषक समक्ष उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।

हरि सिंह धामी
गा.पा.अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

१७. लक्षित समूहका कार्यक्रमहरु कार्यपालिकाको प्रत्यक्ष निगरानीमा तथा सम्यमय समयमै सम्बन्धित समूहमा कार्यान्वयन गर्नु पर्नेछ ।

१८. आर्थिक विकासका क्षेत्रमा तय भएका कार्यक्रमहरु प्रतिफल प्राप्त हुने ढंगले आ.व. भित्रै कार्यान्वयनको चरणमा लैजानु पर्नेछ ।

१९. बालमैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री स्थानीय शासनको प्रयासलाई आवश्यक नीति कानूनका आधारमा पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्नेछ ।

२०. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधिका सूचकहरु स्थानीय तहका सबै क्षेत्रलाई जानकारी गराई पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्नेछ ।

२१. राजनीति प्रति तटस्थ रही सेवा प्रति इमान्दार रहनुपर्नेछ ।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय जनप्रतिनिधि र स्थानीय नागरिक प्रति जिम्मेवार, जवाफदेही मूलक ढंगले कार्यसम्पादन गर्नु पर्नेछ ।

२३. कार्यालयको कार्य सम्पादन क्षमता अभिवृद्धि गर्न भौतिक पूर्वाधारको व्यवस्था, पदपूर्ती, होडिङ्ग बोर्ड, सूचना बोर्ड जस्ता सुशासनका सूचकहरु नियमित रुपमा व्यवस्थित गर्नुपर्नेछ ।

२४. कार्यालयका महत्त्वपूर्ण सूचना तथा तथ्याङ्क अद्यावधिक गरी नियमित रुपमा वेभसाईटमा राख्नुपर्नेछ ।

२५. कार्यालयको वार्षिक प्रगति प्रतिवेदन आ.व. समाप्त भएको कम्तिमा १ महिना भित्र समीक्षाका लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

२६. अन्य कुरा प्रचलित कानून र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
| --- | --- |
| ........ | ........ |
| हरि सिंह धामी | कविन्द्र प्रसाद ओझा |
| गाउँपालिका अध्यक्ष | प्रमख प्रशासकीय अधिकृत |

हरि सिंह धामी
गा.पा.अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

ईति सम्वत् २०७९ साल श्रावण १२ गते रोज ५ ।



CamScanner